# SHIVAM CEMENTS LIMITED


Hetauda-16, Makawanpur, Nepal
**Corporate Office :** Siddhartha Insurance Bhawan, 2nd Floor, Anamnagar, Kathmandu
**GPO Box** 13478, **Tel:-** +977-01-5705993/5706804 **Fax:** +977-01-5706804
**Web :** www.shivamcement.com.np, **E-mail:** info@shivamcement.com


## Unaudited Statement of Financial Position
## As at 13th Jan, 2025 (Poush 29, 2081)

| Particulars | Shivam Cements | |
|---|---|---|
| | 13th Jan 2025 (Poush 29,2081) | 14th Jan 2024 (Poush 29, 2080) |
| **Assets** | | |
| **Non-Current Assets** | | |
| Property, Plant & Equipment | 3,588,707,282 | 3,606,040,403 |
| Intangible Assets | 3,343,016 | 253,397 |
| Investment in Quoted Shares | 143,136,000 | 121,665,600 |
| Investment in Subsidiaries | 4,585,208,800 | 4,262,135,800 |
| Other Non-Current Assets | 37,488,127 | 34,323,811 |
| **Total Non-Current Assets** | **8,357,883,225** | **8,024,419,011** |
| **Current Assets** | | |
| Inventories | 1,641,894,802 | 1,700,696,213 |
| **Financial Assets** | | |
| Trade Receivables | 1,101,447,205 | 1,840,514,041 |
| Cash & Cash Equivalent | 557,795,174 | 194,057,953 |
| Others Financial Assets | 29,996,222 | 267,663,027 |
| Other Current Assets | 243,056,345 | 306,224,294 |
| Income Tax Assets (Net) | 13,704,890 | |
| **Total Current Assets** | **3,587,894,638** | **4,309,155,528** |
| **Total Assets** | **11,945,777,863** | **12,333,574,539** |
| **Equity & Liabilities** | | |
| **Equity** | | |
| Equity Share Capital | 5,456,808,500 | 5,027,000,000 |
| Share Premium Reserve | 956,233,911 | 956,233,911 |
| Other Reserve & Surplus | 3,153,263,047 | 3,452,059,583 |
| **Total Equity** | **9,566,305,458** | **9,435,293,494** |
| **Non-Current Liabilities** | | |
| **Financial Liabilities** | | |
| Long Term Borrowings | 1,636,126 | 5,364,454 |
| Other Financial Liabilities | 3,432,662 | - |
| Deferred Tax Liabilities | 164,023,595 | 133,127,214 |
| **Total Non-Current Liabilities** | **169,092,384** | **138,491,668** |
| **Current Liabilities** | | |
| **Financial Liabilities** | | |
| Trade Payables | 1,584,583,685 | 1,508,995,277 |
| Short Term Borrowings | 75,391,983 | 701,856,485 |
| Other Financial Liabilities | 42,882,883 | 59,629,678 |
| Other Current Liabilities | 498,776,009 | 472,748,681 |
| Provisions | 8,745,461 | 9,971,139 |
| Income Tax Liabilities (Net) | - | 6,588,117 |
| **Total Current Liabilities** | **2,210,380,021** | **2,759,789,377** |
| **Total Liabilities** | **2,379,472,405** | **2,898,281,045** |
| **Total Equity and Liabilities** | **11,945,777,863** | **12,333,574,539** |

## Unaudited Statement of Profit & Loss
## For the Period Ended 13th Jan, 2025 (Poush 29, 2081)

| Particulars | Shivam Cements | |
|---|---|---|
| | Upto 2 Qtr 2081-82 | Upto 2 Qtr 2080-81 |
| **Income:** | | |
| Revenue From Operations | 3,101,696,480 | 3,519,981,769 |
| Cost of Sales | 2,701,510,096 | 3,015,758,590 |
| **Gross Profit** | **400,186,383** | **504,223,179** |
| Other Income | 122,627,966 | 170,254,863 |
| **Expenses:** | | |
| Administration Expenses | 94,482,421 | 106,076,147 |
| Selling and Distribution Expenses | 347,707,584 | 365,300,244 |
| Finance Cost | 4,216,507 | 38,097,320 |
| **Total Expenses** | **446,406,513** | **509,473,711** |
| **Profit/(Loss) Before Tax** | **76,407,837** | **165,004,331** |
| Current Tax | 2,360,506 | 470,551 |
| Deferred Tax | 17,236,921 | 15,935,822 |
| **Net Profit/(Loss) For The Year** | **56,810,410** | **148,597,958** |

## Unaudited Statement of Comprehensive Income
## For the Period Ended 13th Jan, 2025 (Poush 29, 2081)

| Particulars | Shivam Cements | |
|---|---|---|
| | Upto 2 Qtr 2081-82 | Upto 2 Qtr 2080-81 |
| **Net Profit/(Loss) For The Year** | 56,810,410 | 148,597,958 |
| **Other Comprehensive Income** | | |
| Gain/(Loss) on Investment in equity instruments measured at fair value | 23,856,000 | (13,120,800) |
| Tax Relating to Components of Other Comprehensive Income | (11,670,716) | (2,099,328) |
| **Total Other Comprehensive Income (OCI)** | **35,526,716** | **(11,021,472)** |
| **Total Comprehensive Income (TCI)** | **92,337,126** | **137,576,486** |

**Notes:** 1) Figures presented above may vary with the audited figures if instructed by regulators and/or statutory auditors.
2) Figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation of financial statement.
3) Depreciation has been classified & identified as according to the functional classification and charged to Cost of Sales & Administrative Expenses in both Periods.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४
**(नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.व. २०८१।०८२ को दोस्रो त्रैमासिक प्रतिवेदन**

**१. वित्तीय विवरण:**

**(क) दोस्रो त्रैमासिक सम्मको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण:**

यस अवधीको सम्बद्ध संस्थाहरुसंग भएको कारोवारको विवरण निम्न अनुसार रहेको छ :

| क्र.सं. | सम्बद्ध संस्थाहरूको नाम | कारोवार रकम (मू.अ. कर बाहेक) | |
|---|---|---|---|
| | | खरिद | विक्रि |
| १ | मोर्डन ईन्फाष्ट्रक्चर प्रा.लि. | १६१,७१४,३७७।८९ | |
| २ | अरविन्द इम्पोरियम प्रा.लि. | १५८,७९६,७८०।४८ | |
| ३ | कन्स्ट्रक्शन सोलुशन प्रा.लि. | ३७८,४५४।७८ | |
| ४ | पशुपति सिन्प्याक इण्डष्ट्रिज प्रा.लि. | १८,७१३,६६५।४८ | |
| ५ | इन्फ्राटेक प्रा.लि. | २५८,४०७।१० | |
| ६ | लक्ष्मी लाईम प्रोडक्स् | | ५०१,४३२।०० |
| ७ | होङ्सी शिवम् सिमेन्ट प्रा. लि | ५८७,९७९,१४७।९९ | |
| ८ | प्रिमियर वायर प्रा.लि. | ७७,४४८।७५ | |
| ९ | दन्तकाली क्वेरिज प्रा.लि. | १२,६६८,८९०।०१ | |

**(ख) प्रमुख बित्तीय अनुपातहरू:**

| प्रति शेयर आम्दानी (वार्षिक रू.) | प्रतिशेयर नेटवर्थ रू. | प्रतिशेयर कूल सम्पत्तिको मूल्य रू. | तरलता अनुपात |
|---|---|---|---|
| २।०८ | १७५।३१ | २१८।९२ | १।६२ |

**२. व्यवस्थापकीय विश्लेषण :**

**क)** यस अवधिमा संस्थाको तरलता लगायतका अन्य कुराहरु सन्तोषजनक रहेका छन् ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
विद्यमान अवस्थामा संस्थाले उद्योगको पूर्ण क्षमता अनुसारको उत्पादन र विक्री वितरण गरी उच्च गुणस्तरीय सिमेन्ट आम उपभोक्ताहरुका बीचमा पुऱ्याई लक्षित मुनाफा आर्जन गर्ने सम्बन्धि कार्यहरु गर्नुका साथै समयानुकुल व्यवसायिक कार्ययोजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्ने लगायतका कार्यमा संस्था प्रतिवद्ध रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:**
विकास निर्माणका काममा आएको सिथिलता, नेपालमा मागको तुलनामा सिमेन्टको उत्पादन अत्याधिक रहेकोले संस्थाले आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्दै बजार प्रवर्द्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरुलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरी संस्थालाई असर पर्न सक्ने विषयमा सूक्ष्म अध्ययन र विश्लेषण गरी चुस्त व्यवस्थापन मार्फत ग्राहक संरक्षण नीतिलाई कायमै राखी आँउदा दिनमा तात्विक नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक सर्तकता अपनाई उद्देश्य बमोजिमका कामहरु संचालन गर्दै अघि बढ्ने नीति लिइएको छ । नगद प्रवाह लगायतका कुराहरुमा तात्विक असर पर्न सक्ने घटना अवस्था छैन । आर्थिकमन्दीको असर कायमै रहेको, उद्योगमा अघोषित लोडसेडिङ रहेको, डिजेल लगाएतका सामानहरुको मूल्य बृद्धिको प्रभाव र विकास निर्माणका कार्यमा बढोत्तरी नभएको अवस्था रहेको छ ।

**३. कानूनी कारवाही सम्बन्धि विवरण:** (यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको जानकारी):-

(क) आफ्नो व्यवसायसंग सम्बन्धित कारोवार, खर्च लगायतका विषयमा भए गरेका केही शिर्षकमा श्री ठूला करदाता कार्यालयबाट भएका संशोधित कर निर्धारण आदेशका विरुद्ध कम्पनीले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशकज्यू समक्ष तथा श्री राजस्व न्यायाधिकरण काठमाडौं समक्ष पुनरावेदन गरेकोमा सो विषयहरु विचाराधिन रहेका छन ।

(ख) यस कम्पनीलाई विगतमा लोडसेडिङ हुदाको बखत नेपाल विद्युत प्राधिकरणबाट हरेक दिन उद्योगको विद्युत कटौती गरी लोडसेडिङ गर्ने गरेको यथार्थ अवस्था रहेको अर्थात सुविधा नै उपभोग नगरेको, प्राप्त नगरेको अवस्थामा समेत डेडिकेटेड फिडर मार्फत विद्युत उपभोग गरेको भनी डेडिकेटेड दरमा विल गर्ने तथा छुट विल जारी गर्ने र बक्यौता रकम दाखिला गर्नु अन्यथा लाईन काटिनेछ भनी पटक पटक पत्राचार गरेको हुंदा अन्याय पूर्वकको कार्य हुन जाने सम्भावनालाई ध्यानमा राखी कानूनी उपचारका लागि श्री मकवानपुर जिल्ला अदालत समक्ष ने. वि. प्रा. ऐन २०४१ बमोजिम नेपाल विद्युत प्राधिकरणका विरुद्ध फिराद विचाराधिन रहेको छ । साथै सम्मानित श्री उच्च अदालत पाटनको हेटौडा इजलासबाट जारी भएको विद्युत लाईन नकाट्नु भन्ने समेतको अन्तरकालिन आदेश कायम रहनुका साथै विद्युत महसुल विवादका विषयमा सम्मानित श्री सर्वोच्च अदालतमा रिट निवेदन समेत विचाराधिन रहेका छन । **नेपाल सरकारले डेडिकेटेट र ट्रंक लाईन विद्युत महसुलको विवाद समाधानका लागि श्री सर्वोच्च अदालतका पूर्व मा. न्यायाधिसज्यूको अध्यक्षतामा एक छानविन आयोग गठन गरेकोमा उक्त आयोगले नेपाल सरकार समक्ष पेश गरेको प्रतिवेदन नेपाल सरकार (मन्त्रीपरिषद्)को निर्णयले उक्त प्रतिवेदन कार्यन्वयन गर्न विद्युत प्राधिकरणलाई पत्राचार गरी सकेको हुँदा उक्त विवाद छिट्टै समाधान हुने विश्वास लिएका छौं ।**

(ग) कम्पनीले सिमेन्ट बिक्री गर्न नियुक्त गरेका वितरक र सिमेन्ट खरिदकर्ता संस्थाहरुले समयमा रकम भुक्तानी नगरेको विषयमा त्यस्ता केहि संस्था एबम् व्यक्ति समेतका विरुद्ध रकम असुलीका लागि श्री काठमाडौं जिल्ला अदालतमा फिराद दायर गरेकोमा केही मुद्याहरु विचाराधिन रहेका छन् ।

घ) वागमती प्रदेश सरकारको आर्थिक ऐन २०७७ र ०७८ बाट सिमेन्टको विक्रिमा ०.२५ प्रतिशत विक्रि कर सरह प्राकृतिक स्रोत कर लगाउने व्यवस्था संविधान र संघिय कानून संग बाझिएको हुँदा ऐनका उक्त व्यवस्था बदर गर्न माग गरी सर्वोच्च अदालत समक्ष रिट निवेदन दायर भएकोमा विचाराधिन रहेका छन् ।

ङ) कम्पनीका कुनै पनि संचालकका विरुद्ध आर्थिक अपराध गरेको विषयमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण:**

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोवार खुल्ला बजारको सिद्धान्त अनुरुप हुने गरेकोछ ।

(ख) यस त्रैमास अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको दिन र शेयर कारोवार संख्या :

| अधिकतम मूल्य रू. | न्यूनतम मूल्य रू. | अन्तिम मूल्य रू. | कारोवार दिन | कारोवार शेयर संख्या |
|---|---|---|---|---|
| ६६०।० | ५०५।०० | ५२३।०० | ५५ | ५,०७३,४४४ थान |

**५. समस्या तथा चुनौती:**

विकास निर्माण क्षेत्रका कार्यहरुमा सिथिलता रहेको, मागको तुलनामा नेपालमा सिमेन्टको उत्पादन गर्ने उद्योगहरुको क्षमता अत्याधिक रहेको, विकास निर्माणसंग सम्बन्धीत सरकारी परियोजनाहरुका लागि छुट्याईएको बजेट अत्यन्तै न्यून हुनेगरेको लगाएतका कारणबाट निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरुलाई सकारात्मक असर गर्ने अवस्थामा तात्विक सुधार नभएको, नेपाल विद्युत प्राधिकरणले सुख्खायाम शुरु भएको भनी दैनिक १२ घण्टासम्म विद्युत कटौती गरी अघोषित लोडसेडिङ समेत गरेका कारण उत्पादन लागत बृद्धि भएको, विकास निर्माणको सिजन शुरु भएता पनि सिमेन्टको माग र खपत अपेक्षाकृत बृद्धि नभएको अवस्था छ । बजारमा आम ग्राहकहरु माझ यस संस्थाको उत्पादनलाई प्रभावशाली बनाई हालको बजार हिस्सा कायमै राखी थप बजार हिस्सा ओगट्न सोही अनुरुपको नीति, रणनीति अवलम्बन गरि संस्थाले बिक्री पछि उपलब्ध गराउने निःशुल्क प्राविधिक सेवाहरुको विस्तार, मानव संशाधनको दक्षतामा अभिबृद्धि र चुस्त व्यवस्थापन, खर्चमा मितव्ययिता अपनाई कार्य गर्ने नीति लिइएको छ ।

**६. संस्थागत सुशासन:**

संस्थागत सुशासन अभिवृद्धिका लागि संस्थाको व्यवस्थापन आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने, आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने, कारोवारलाई चुस्त, छिटो, छरितो बनाउन कारोवारमा आर्कषित हुने ऐन, कानून तथा नियमनकारी निकायबाट जारी भएका नीति, निर्देशनहरु पालना गरी संस्था संचालन गरिएको छ ।

**७. सत्य तथ्यताका सम्बन्धमा प्रवन्ध निर्देशकको उद्घोषण:**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन । लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।